# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## केदारस्यूँ गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
केदारस्यूँ गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं

मितिः २०७७।३।२६

श्री अध्यक्षज्यू,
केदारस्युँ गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **केदारस्युँ गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ८९ लाख ७१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २० लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ९८ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६० लाख ६६ हजार र रु ४ लाख पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहित ६ दफाको रु ६ लाख ८३ हजार असुल भएको र १ दफाको रु ८ लाख ४९ हजारको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफाहरु प्रारम्भिक प्रतिवेदनवाट हटाईएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ (पन्ध्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ अषाढ २६ गते ।

# केदारस्युँ गाउँपालिका,बभ्काङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । ९ वडा रहेको ११३.९१ वर्ग कि.मि.मा फैलिएको यस गाउँपालीकामा २१३०७ जनसंख्या रहेका छन् ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **२१३२४०९३.८१** | १ | **चालु खर्च** | **१५०१७८९९४.६६** |
| | क) गत वर्ष आन्तरीक आम्दानी | ८३०६१६.४७ | २ | **पूँजीगत खर्च** | **२७६९५३८७७.९२** |
| | ख) बैंक | २०४९३४७७.३४ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | **५३५१५३३६.०९** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १७९५१३९.८३ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड (संघ) | ५१७२०१९६.२६ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ०० | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **३४४४२४२२६.००** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | १२१४००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १९०७०५२२६.०० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | २२६४४०००.०० | ५ | **समपुरक अनुदान** | |
| | घ) विशेष अनुदान | ९६७५०००.०० | ६ | **धरौटी फिर्ता** | **२१५०००.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१०३६०१५०.६९** | ७ | **कोष खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६४५७००० | ८ | **मौज्दात** | **७२५५३३३०.३८** |
| | ख) राजस्व वाडफाड | ९०३१५०.६९ | | क) नगद मौज्दात | ०० |
| | ग) समपूरक अनुदान | ०० | | ख) बैंक मौज्दात | ७८७८५३०८.७० |
| | घ) विशेष अनुदान | ३००००००.०० | | ग) धरौटी मौज्दात | ३७९८१९.४८ |
| ५ | **वित्तीय व्यवस्था प्राप्ति** | | | घ) दैवि प्रकोप उद्धार कोष | ३००१०००.०० |
| | क) ऋण प्राप्ति | | | घ) चेक साट्न वाँकी | (३३१०८०३१.६९) |
| | ख) साँवा प्राप्ति | | | ङ) धरौटि दाखिला गर्न वाँकी | ८४३३४६.८९ |
| | ग) ब्याज प्राप्ति | | | क) समपुरक कोष संघ फिर्ता | २२६४४०००.०० |
| | घ) अन्य प्राप्ति | | | ख) विशेष कोष प्रदेश फिर्ता | ७८८७.०० |
| ६ | **कोषतर्फको आय (दैवि प्रकोप उद्धार कोष)** | **३००१०००.००** | | | |
| ७ | **जनसहभागिता (नगद)** | ०० | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | ०० | | | |
| ९ | **धरौटी आय** | **१४३८१६६.३७** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | ०० | | | |
| ११ | **अन्य विविध आय (प्रधानमन्त्रि रोजगार,स्थानीय तह क्षमता विकास लगायत अन्य वउशी)** | **६५८३८२३०.००** | | | |
| | **जम्मा** | ४९९९०१२०२.९६ | | **जम्मा** | ४९९९०१२०२.९६ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मिति २०७५/३/२८मा गाउँसभाबाट पारीत गरेको छ । | |
| २. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पारदर्शी छ भन्न सकिएन । | |
| ३. | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्त्यमासञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्नेमा शुन्य गरेको छैन । पुँजीगत र चालु खातामा रहेको जम्मा रु.४,००,९१,६९४/२३ मिति २०७६।४।२७ मा मात्र मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छैन । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४. | **लक्ष्य प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरी पेश गर्नु पर्नेमा पेश गरेको छैन । | |
| ५. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्नै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| ६. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था | |

| | | |
|---|---|---|
| | समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ७. | **आन्तरीक आम्दानी :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यपालीकाको मिति २०७५।४।२ को बैठकबाट महिना समाप्त भएको ५ दिन भित्र फाटवारी सहित गाउँपालीकामा मासिक आम्दानी जम्मा गर्ने भनिए पनि समयमा नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी गाउँपालीकाको खातामा जम्मा गरेको देखिएन । गाँउपालीकाको यो वर्ष रु २०,००,०००।- आन्तरीक आम्दानी संकलन गर्ने लक्ष्य रहेको भए पनि आन्तरीक कर दस्तुर समेतरु.१७,९५,१३९/८३ मात्र आम्दानी गरेको छ । वडा कार्यालयहरुले दाखीला गरी विवरण पेश गरेको आधारमा कार्यालयले आम्दानी जनाउने गरेको देखियो जसले गर्दा वाडाको वास्तविक आम्दानी यकिन हुन सकेन । राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासीक फाटवारी समेत तयार नगरेकोले राजस्व आम्दानीबारे समेत यथार्थता यकिन गर्न सकिएन । | |
| ८. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा सो समेत गरेको देखिएन । सामाजिक सुरक्षा पाउने नागरीकको लागि यस वर्ष रु ५,२३,२६,०००/-निकासा लिई खर्च गरेको देखिन्छ । निर्देशिका बमोजिम सामाजिक सुरक्षा वैंक मार्फत वितरण गरेको छैन । MIS उपलव्ध हुन नसक्दा Online verification गर्न सकिएन भत्ता वितरणको कार्य बैक मार्फत गर्न आवस्यक प्रकृया एवं विरणको व्यवस्था मिलाई खर्च पारदर्शि बनाईनु पर्दछ । साथै कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| ९. | **चालु खर्च र आन्तरीक आम्दानि विच तुलना :** यस गाउँपालीकाको यो वर्षको आन्तरीक श्रोतको आम्दानी रु.१७,९५,१३९/८३ मात्र रहेकोमा गाउँपालीकाको चालु खर्च रु २,६९,१६,६९०।४१ रहेको छ । चालु खर्चको तुलनामा आन्तरीक आम्दानी १४९९ प्रतिशत कम छ । खर्च वढ्दै जादा आन्तरीक श्रोतपनि सोही अनुपातमा वढ्नु पर्ने हुन्छ । यसर्थ गाउँपालीकाले आन्तरीक आम्दानी वढाउने र सञ्चालन(चालु) खर्च घटाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १०. | **सार्बजनिक निर्माणतर्फ :**<br>**माटोको वर्गिकरणको आधार :** सडकको नयाँ तथा पुराननो ठाउँमा माटो कटानको लागत र नापी किताव तथा मुल्याङ्कनमा माटोको वर्गीकरण को आधार खुलाएको छैन जसले गर्दा यथार्थ कामको मुल्याङ्कन तथा भुक्तानी भयो भन्न सकिएन । | |
| ११. | **दर विश्लेषण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम दर विश्लेषण गरी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले दर विश्लेषण गर्दा डिजेललाई असजिलो सामान को रुपमा लिई सोही बमोजिम लागत अनुमान तयार गर्नु गर्नुपर्नेमा अति जोखिमयुक्त सामानको ढुवानी उल्लेख गरी लागत अनुमान तयार गरेकोले विशेष गरी सडकमा मेसिनबाट कटान गर्दा बढी दर कायम भै सोही अनुसार योजना भुक्तानी भएको छ । अतः बढी भएको भुक्तानी रकम यकिन गरी सबै योजना बाट असुल गर्नु पर्दछ । | |
| १२. | **वाग्थला भाडसैन ग्रामिण सडक :** यस सडकको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निम्नानुसार भएको पाईयो । | |
| १२.१ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) बमोजिम वास्तविक कार्यको मात्र भुक्तानी गर्नु पर्दछ । सडकको चेनेज १+२३० देखि २+२५० सम्म | |

| | | |
|---|---|---|
| | पहिरो सफा गरेको कार्यलाई नयाँ माटो कटान देखाई निम्नानुसार भुक्तानी भएको पाईएकोले बढी दरको भुक्तनी भएको रकम असुल गर्नु पर्ने रु. | १,६९,५१४।८५ |

| कामको विवरण | परिमाण | भुक्तनी दिएको दर | दिनुपर्ने दर | फरक | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| बिलमाslideलाई Earthwork देखाइएको | ४२३०.३२ m3 | ८१.७९ | ३४.१२ | ४७.६७<br>User contribution<br><br>Total | २,०१,६५९।३५<br>(३२,१४४।३५)<br>१६९५१४.८५ |

| | | |
|---|---|---|
| १२.२ | ग्याबियन जालीको कार्य गराएकोमा चेनेज र ड्रइङ समाबेश गरेको छैन । साथै ग्याबिन कार्यको स्थानमा जालीको बेसको लागि ३०० घ.मि. माटो कटान गरिएकामा ६०० घ.मि. पुरेको देखाएको छ उक्त ६०० घ.मि. बाहिरबाट ढुवानी गरेको देखाई प्रति घनमिटर रु. ६०० ले भुक्तनी गेरेको देखियो अतः साइडमा रहेको ३०० घ.मि. लाई व्याग कटिङ्ग देखाई खर्च लेख्नु पर्ने भएकोले निम्नानुसार असुल गर्नु पर्ने रु. | १,१२,२६६/१९ |

| कामको विवरण | देखाउनु पर्ने दर | देखाएको दर | फरक | परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| Back Filling | 154.50 | 600 | 445.50 | 300m3<br>User contribution | १३३६५०.००<br>२१३८३.८१ |
| Total | | | | | १,१२,२६६/१९ |

| | | |
|---|---|---|
| १३. | **सडकको विस्तृत नाप नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम नापी किताबको ब्यवस्था छ । कार्यालयले नापी बिताबमा बितृत रुपमा नाप जाँच गर्नु पर्दछ । ढोडेखेत देखि गण्डकी बजार सम्मको सडक निर्माणको कार्य गर्दा ६९० रनिङ् मिटरको एकमुस्ट नापी किताब तयार गरी नापी गरेको देखाएको छ । जसले वास्तविक नापी गरेको देखाउँदैन अतः विस्तृत नापजाँच गरी परिमाण र भुक्तानी रकम यकीन गर्नु गर्दछ । | |
| १४. | **एच.डि.पि. पाईपको उपयोग :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम सम्पन्न कार्यको यर्थात नाँप जाँच गरी नापी किताबमा उल्लेखित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । निम्न योजनाहरुको कार्य उपभोक्ता समिति मार्फत गराएकामा HDEP पाईप खरिद गरेको तर कार्यालयको जिन्सीमा आम्दानी नदेखाएको साथै उक्त पाइपहरु लेइङ्ग, जोइन्टीङ् नगरेको र साईड रजिस्टर समेत नराखेकोले उक्त सामानहरु प्रयोगको वास्तवीकता यकिन हुन नसकेकोले सो सम्वन्धमा आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल हुनु पर्ने देखिएको रु. | २८,२०,२८३/०९ |

| योजनाको नाम | पाइपको साइज | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| चौडेली खानेपानी | 50.6<br>40.6<br>32.6<br>25.10<br>20.10<br>Transpotation | 1000<br>Rm.<br>400<br>400<br>400<br>400 | १६२.३०<br>१०४.८१<br>६७.६८<br>६०.४९<br>४०.१३ | १६२३००<br>४१९२३<br>२७०७०.२८<br>२४१९५.५६<br>१६०५२<br>४७०४० |
| | Sub Total | | | ३०८५४०.८४ |
| जुब खानेपानी | 125.6 | 2425rm | १०३५.७७ | २५११७४२.२५ |
| | Total | | | २८,२०,२८३/०९ |

१५. **गर्जेपानी मा.बि भवन निर्माण :** उपभोक्ता समिती मार्फत कार्य गराएको यस गर्जेपानी मा.बि भवनको निर्माण कार्य सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

१५.१ **भवन निर्माणको** आधार : भवन निर्माणको विलसँग समावेश फोटो अनुसार निम्नानुसार को कार्यको निर्माण कार्य नगरी नापी किताव तयार गरी भुक्तानी भएको देखिएकोले सो सम्बन्धमा आधार प्रमाण पेश हुनु पर्ने अन्यथा नभएको कामको भुक्तानी भएको निम्नानुसारको रकम असुल गर्नुपर्ने रु. **८,०३,७१५/४३**

| कामको विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|
| Sone Masonary work with mud worker | 32.6m³ | २५७८.४० | ८४०५५.८४ | भवनको भित्री Wall नलगाएको |
| Pcc for Rcc ( 1:2:4 ) | 25.89m3 | ७६३४.२६ | १९७६५८.९९ | Slas,slab Beam,floring Vraandha को काम नभएको |
| Re. –bar | 1273.98kg | ८४.७५ | १०७९६९.८० | कार्य नगरि भुक्तानी |
| From Work | 117.45m2 | १६१७.७९ | १९०००९.७३ | कार्य नगरि भुक्तानी भएको |
| Plaster | 454.57m2 | २२२.९० | १०१३२४.७४ | कार्य नगरि भुक्तानी भएको |
| White cement | 454.57m2 | २८.०५ | १२७५१.१४ | कार्य नगरि भुक्तानी |
| Paint | 204 bag | ८५४.६५ | १७४३४८.६० | कार्य नगरि भुक्तानी |
| Cement ( Rcc aty )transportation | 11473.98 kg | ७.६४ | ८७६६१.२० | कार्य नगरि भुक्तानी |
| Total Amount | | | **९५५७८०.०४** | |
| Less User 's part | | १५.९०% | १५२०६४.६० | |
| Net Payable | | ८४.१०% | **८०३७१५.४३** | |

१६. **दोहोरो मापन भएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम सम्पन्न कार्यको यर्थात नाँप जाँच गरी नापी किताबमा उल्लेखित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कागतोला देखि मैतोली डाफ्रु सडकको कार्य वित्तीय समानीकरणबाट चेनेज ०+००० देखि १+६२० सम्म नयाँ ट्याक खोल्ने कार्य गरेको र प्रदेश विषेश अनुदान बाट १+४२० देखि २९० चेनेजमा कार्य गरेको देखिएकोले १+४२० देखि १+६२० सम्म एउटै चेनेजमा दोहोरो कटान देखाएकोले दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. **१,८१,८६६/५२**

| विवरण | कामको विवरण | दोहोरा भएको परिमाण | असुल हुनु पर्ने रकम |
|---|---|---|---|
| Earthwork excavation road bway | hard soil 287.67$m^3$ | ८२.६९ | २३७८७.४३ |
| | medium rock 152.37 $m^3$ | २८२.४२ | ४३०३२.३३ |
| | hard rock 110.01 $m^3$ | १२२९.८८ | १३५२९९.०९ |
| | Total | | २०२११८.८५ |
| | Less user parts | १०.०२% | २०२५२.३० |
| | Net Payable Amount | ८९.९८% | १८१८६६.५२ |

१७. **बाग्थाला बखेत ग्रमीण सडक** : यस सडकको कार्य निर्माण व्यवसायी जयलक्ष्मी निर्माण सेवा मार्फत कार्य गराएकोमा सो निर्माण कार्य सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् ।

क) सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम यस योजनाको विस्तृत सर्वे गराएको छैन ।

ख) क्रमागत योजनाको नापी किताब सवै वर्ष हरुको एउटै वनाई एकिकृत रुपमा तयार गर्नु पर्नेमा सो वमोजिम नगरीप्रत्येक वर्ष र कार्यक्रम फरक परेको एउटै वर्षमा पनि फरक फरक राखेको छ । यसवर्ष वित्तीय समानीकरण बाट १+१७० देखि २+२५० सम्म कार्य गरेको देखाएको छ भने संघको विषेश अनुदान बाट पातल लाई ०+००० मानी ०+३९० सम्मको कार्य गरी रु.४७,४५,३७९।०२ भुक्तानी भएको छ । त्यस्तै पूर्वाधार विकास कार्यालयले खटखटेलाई आधार मानी ०+००० देखि ०+४२० सम्म कार्य देखाई रु. २७,७७,०८५।१६ को कार्य गरेको देखिन्छ । यसरी एउटै सडकमा सबै काम पातलमानै भएको भन्ने कार्यालयको भनाई रहेकोले दोहोरो पर्न सक्ने खेखियो । अतः तिनै योजना र विगतको कार्यको समेत विस्तृत नाँपजाँच गरी काम र भुक्तानी रकम यकिन गर्नु पर्दछ ।

ग) जयलक्ष्मी निर्माण सेवा सँग कार्य गर्न सम्झौता गर्दा performance bond को अवधि २०७६।०२।२९ देखि २०७६।०६।२८ सम्म राखेकोमा सो समय सम्म ठेक्काको अवधि र डि.एल.पि पिरियडको आधारमा न्यून नभएकोले ठेक्का अवधि र डिफेक्ट ल्याविलिटि पिरिएड सम्म performance bond अवधि वढाउनु पर्दछ ।

१८. **संसद विकाश कार्यक्रम** : ज्याडा सिचाई कुलो निर्माण कार्य संसद विकाश कार्यक्रम बाट खर्च गरेकोमा सो खर्च सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् ।

क) संघको विषेश अनुदान बाट यो वर्ष सो कार्य गरेको उक्त कार्य विगत वर्षमा समेत गरेको देखिन्छ । साथै संसद विषेश कोष बाट पनि सोहि कार्य गरेकोमा चेनेज खुलाएको छैन जसले गर्दा कार्य दोहोरो पर्न सक्ने देखियो ।

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम सम्पन्न कार्यको यर्थात नाँप जाँच गरी नापी किताबमा उल्लेखित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । कार्यालयले सो कार्यमा केनलको ड्रोइङ् समाबेश गरेको छैन, साथै नापी गर्दा लागत अनुमानको परिमाण भन्दा बढी परिमाण को कार्य गरेको देखाई नापी किताब तयार गरेको छ । यसरी प्राविधिक पुष्ट्याई वेगर बढी नापी गरेको सम्वन्धमा यथार्तता यकिन गर्नुपर्ने देखिएको रु. १४४७४१/८०

| कामको विवरण | लागत अनुमानमा | नापी किताबमा | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|
| Earthwork in excavation | 10.7×7×10.5 =76.29 | 10.7×7×2=149.80 | 66.51m3 | ९५४.०० | ६३४५०.५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| stone masonary | 85×1×0.30=49.80 | 85×1×0.5=42.5 | 6.46m³ | ६००१.६८ | ३८७७०.८५ |
| Cement | 192.3 | 192.3 | 00 | ८१.४४ | १५६६२.३६ |
| Transportion | | | | | १९२७८ |
| plaster | 2×85×0.3×0.3=15.3 | 2×85×0.32×0.40 =21.76 | 40m² | २१४.८० | ८५८०.०० |
| | | | Total | | १४४७४१.८० |

१९. **बुङ्गल- भामचौर सडक** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम सम्पन्न कार्यको यर्थात नाँप जाँच गरी नापी किताबमा उल्लेखित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । बुङ्गल न.पा. देखि पातिहाल्ला भामचौर र सडकको निर्माण कार्य उपभोक्ता समिति मार्फत गरेकोमा सो निर्माण कार्य सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् ।

क) वित्तीय अनुदानबाट ०+००० देखि २+६५० सम्म कार्य गरेकोमा संसद विकाश कोषबाट समेत २+६१० देखि ५+०२० से.मि. गरेको देखाएकोले निम्नानुसार एउटै चेनेजमा दोहोरो भुक्तानी दिएकोले रकम असुल गर्नुपर्ने रु

४५,३६२/५२

| कामको विवरण | | |
|---|---|---|
| Eartwork excavation root way | hard soil<br>medium rock<br>hard rock | 24.99×82.69=2066.42<br>24.99×282.42=7057.67<br>33.32×1245.61=41503.72 |
| Total. | | **५०६२७.८१** |
| U.C. | 10.4% | ५२६५.२९ |
| Net Payable amount | 89.6% | ४५३६२.५२ |

ख) निर्माण कार्यको लागत अनुमान ५४,०९,४९४।१४ रहेकोमा कार्यालयले जम्मा जनश्रमदान १०.४ प्रतिशत कट्टा गरी रु.४९,००,०००। खर्च लेख्ने सम्झौता रहेको छ । तर उपभोक्ता समितिले रु. ५०,१०,३३०। को मात्र कार्य गर्दा जनसहभागिता १० प्रतिशत कट्टा गरी ४४,८९,२५६।५२ भुक्तानी दिनुपर्नेमा रु.४५,६०,३२९। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ७१,०७२।४७ असुल गर्नुपर्ने रु.

७१,०७२/४७

२०. **वेद प्रकाश स्मृति भवन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख बमोजिम सम्पन्न कार्यको यर्थात नाँप जाँच गरी नापी किताबमा उल्लेखित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । वेद प्रकाश स्मृति भवन तथा प्रतिक्षालयको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा सो निर्माण कार्य सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् ।

क) प्राविधिक पुस्ट्याई बेगर Field cutting and leveling कार्य बढाएको देखाएकोले यसरी स्पष्ट नाँपजाँच वेगर वढी मापन गरी भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु

१,१८,५८१/-

| कामको विवरण | लागत अनुमान | नापी किताबमा | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|
| Earthwork excavation | 24.07×20×0.40=199.73 | 35×20×0.85=595m³ | ३९५.२७ | ३०० | ११८५८१ |

ख) निम्नानुसारको कार्यको नापी किताब तयार गर्दा बढी नापी देखाई खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.

६३,६०३/६८

| कामको विवरण | बढी परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| E/w excavation | 5.182 | ९५४ | ४९४३.६२ | piller को परिमाण न घटाएको |
| Pcc for Rcc(1:2:4) | 3.78m³ | ७६३४.२६ | २०६१२.५० | piller को उचाइ बढी देखाएको |
| cement | 24.192bag | ८५० | २०५७५.६० | |
| from work | 18.2m² | १६१७ | २९४४३ | Grid को लम्बाइ बढी देखाएको |
| Total | | | **७५५७४.७२** | |
| Less user parts | | १५.८४% | ११९७१.०४ | |
| Net Payable Amount | | ८४.१६% | **६३,६०३/६८** | |

ग) निम्नानुसार कार्यको श्रेस्ता साथ संलग्न फोटो अनुसार कार्य नगरी नापी किताब तयार गरेको देखिंदा यसरी काम नभई भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. ३,०३,७५१/१०

| कामको विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| salla wood for door and window | 1.31m³ | - | १६१४६० |
| shutlering work | 29.75m3 | ६४५३.०८ | १९१९४६.९९ |
| cement (186.16-195bag) | 8.84bag | ८५० | ७५१४ |
| Total | | | **३६०१२०.९९** |
| Less user parts | | १५.८४% | ५७१६९.८८ |
| Net Payable Amount | | ८४.१६% | **३,०३,७५१.१०** |

२१. **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र भुक्तानी दिनु पर्ने देखिन्छ। उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको छ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement work लगायतमा प्रयोग हुने नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो। यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिँदैन। तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु २,६४४/-

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक वेगरको सिमेन्टको मुल्य | कर विजक वेगरको रड र तारको | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|---|

| | | | मुल्य | |
|---|---|---|---|---|
| ३६४/०७६/३/२९ | जनता आवास कार्यक्रम | १९ व्यागकोरु १८२४० | | २,६४४/- |

२२. **Quantityवढी राखेको** :सिचाई विभाग तथा खाने पानी को नर्म्स अनुसार पाईप लाईनको काममा माटो खन्ने कामको लागि मापन गरीएको परीमाणको तुलनामा माटोले पाईप पुर्ने (Back Filling)को लागि ३३ प्रतिशत मात्र परीमाण खर्च दावि गर्न पाउनेमा Earth Workको शतप्रतिशतले हुने परीमाण देखाई भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी हुन गएको रकम यकिन गरी असुल गर्नु पर्ने देखिएको रु ९,०१६/-

| गो.भौ. र मिति | आयोजना | Earth Work घ.मी. | Back Filling Qt. | दावि गर्न पाउने Qyt. | दावि गरेको परीमाण | वढी दावि गरेको परीमाण | असुल हुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| ३३९/०७६/३/२५ | कनडा सि.कु. | ३७.८ | ३७.८ | १२.३३ | ३७.३८ | २५.०६ | ९०१६ |

२३. **Rate वढी राखेको** : कृषि सडक विभागको नर्म्स अनुसार व्याक फिलिङमा ०.२५ प्रति Main Daysकोदरले हुने प्रति घ.मी रु १५४.५ को दरले विल वनाई खर्चदावि गर्नु पर्नेमा ३.६० को दरले रेट राखि नानुसार वढी भुक्तानी हुन गएको रकम असुल गर्नु पर्ने देखिएको रु १३६८९५/८०

| गो.भौ. र मिति | आयोजना | Back Filling Qt . | भुक्तानी दर | दावि गर्न पाउने Qyt. | वढी दावि गरेको दर | असुल हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| ३३९/०७६/३/२५ | कनडा सि.कु. | ३७.८ | ३६० | १५४.५ | २०५.५ | ७७६८ |
| २७९/०७६/३/२० | गल्लेक धामीखेल खा.पा. | १३९.२ | ३६० | १५४.५ | २०५.५ | २८१८८ |
| ३२५/०७६/३/२५ | टुडिखेल खा.पा. | १८४.५ | ३६० | १५४.५ | २०५.५ | ३७९१४.७५ |
| २८६/०७६/३/२३ | खाति निाडा खा.पा | १२८ | ३६० | १५४.५ | २०५.५ | २६३०४ |
| २९०/०७६/३/२५ | सेन्सु पुल वजार खा.पा. | ४९.५ | ३६० | १५४.५ | २०५.५ | १०१७२.२५ |
| ३४०/०७६/३/२५ | चिने खोला खा.पा. | १६४.१६ | ३६० | १५४.५ | २०५.५ | ३३७३४.८ |
| २०२/०७६/३/२ | पोतल लाग्दा खोला खा.पा. | १४० | ३६० | १५४.५ | २०५.५ | २८७७० |
| जम्मा | | | | | | १३६८९५.८० |

२४. **वढी भुक्तानी** :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कर्नटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु. २,२५,६६,७४०/- मात्र भुक्तानी दिनु पर्नेमा रु. २,३०,५०,१६७/-भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु. ४८३४२७/- असुल हुनु पर्ने रु ४,८३,४२७/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ताको अंश | भुक्तानी दिएको रकम | भुक्तानी दिनु पर्ने रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ५/०७५/९/२५ | दोगडे घट्टेखोला ज.वि. | १४०१६५२ | १४०१६५२ | १६५२ | १४०१६५२ | १४००००० | १६५२ |
| १६४/०७६/२/१४ | सिराडी सि.कुलो | ३४४६९५ | ३४४०४७ | १४.८९ % | २९९३५१ | २९२८१० | ६५३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६६/०७६/२/१४ | बाठपाली प्रा.लि.सिराडि निर्माण | १४८९४५ | १४८४६८ | १५.६७% | १२९५२२ | १२५१५८ | ४३६४ |
| १७०/०७६/२/१९ | जागडा सि.कु. | १७२४९१ | १७२४९१ | १५.१४% | १५०००० | १४६३७५ | ३६२४ |
| १९५/०७६/३/२ | चौडाम खाने पानी टैकी | ५७०२०० | ५६९२०६ | १४.०४% | ४९९००४ | ४८९२८९ | ९७१४ |
| १९६/०७६/३/२ | सिकरी सि.कुलो | ९६००७१ | ९६००७१ | १५.०५% | ८३४४०० | ८१५५८० | १८८१९ |
| १९९/०७६/३/२ | पारी वगर तडवन्धन | ५७१८९१ | ५७१८९१ | १५.११% | ४९९३३६ | ४८८०२४ | ११३११ |
| २००/०७६/३/२ | पारीवगर सिंचाई कुलो | १७२२८९ | १७२२८९ | १५.६७% | १५६१४५ | १४५४११ | १०७३३ |
| २०१/०७६/३/२ | आडगाडा खा.पा. | २३१५३६ | २३०५७३ | १५.६१% | १९९५१६ | १९२२७४ | ७२४१ |
| २०२/०७६/३/२ | मुसुल्दा खा.पा. | ३४५१२९ | ३४४९४३ | १५.०४% | २९९८१४ | २९३२०१ | ६६१२ |
| २१७/०७६/३/८ | विनाडी गाड विराल सि.कु. | ३४५३०२ | ३४५०४३ | १५.१% | २९९७४० | २९३२५२ | ६४८७ |
| २३२/०७६/३/१२ | काँडाचौर ढलनिकास | ५७१९५९ | ५७१९५९ | १४.५९% | ४९९११३ | ४८८६८१ | १०४३२ |
| २३५/०७६/३/१२ | तल्लो रोतागाडा तडवन्ध | ३४४५२५ | ३४२७३० | १४.८४% | २९८१९७ | २९१८६८ | ६३२८ |
| २३७/०७६/३/१२ | साउवगर सि.कुलो | ३४४०२९ | ३४३५६० | १४.६% | २९९५३० | २९३४०० | ६१२९ |
| २४२/०७६/३/१३ | भगवति प्रा.लि. | फिल्ड कटिङ | २८५१४० | १४.१२ | २४९८२१ | २४४८७८ | ४९४२ |
| २४४/०७६/३/१३ | नवादेउ मा.वि. भवन | २१६९३८१ | २१६८१५५ | १५.३% | १८७८७७२ | १८३६४२७ | ४२३४४ |
| २४६/०७६/३/१५ | सुल्जन प्रा.वि. फिल्ड | २६४९९७ | २६३१९५ | १५ | २२८१९६ | २२३७१५ | ४४८० |
| २७९/०७६/३/२० | गल्लेक धामीखेल खा.पा | ३४३५६३ | ३४२९७० | १४.५३% | २९९४०६ | २९३१३६ | ६२६९ |
| २८४ क) | उपरगाउँ खा.पा. | २८७१५९ | २८७१५९ | १४.८९ | २४९९१९ | २४४४०१ | ५५१७ |
| २८५/०७६/३/२३ | भण्डार खा.पा.मर्मत | ५८३४३८ | ५८३४३८ | १६.८६% | ४९९१०६ | ४८५०७० | १४०३६ |
| २८६/०७६/३/२३ | खा.ति. विनाडा खा.पा. | ३४५६७३ | ३४५६७३ | १५.४% | २९९४७० | २९२४३९ | ७०३० |
| २८७/०७६/३/२३ | नवादेउ मन्दिर निर्माण | ३४४७३७ | ३४४७३६ | १५.१४ | २९९३१० | २९२५०० | ६८०५ |
| २९०/०७६/३/२३ | सेन्सु पुल वजार खा.पा | ५७३६८४ | ५७३६८४ | १५ | ४९८९४८ | ४८७६३१ | ११३१६ |
| २९३/०७६/३/२३ | बागथला सुदाडा | ४२९०५६४ | ४२८८४४८ | १०.०१ | ३८९७८८४ | ३८५९१७४ | ३८७०९ |
| २९७/०७६/३/२३ | डाफक गाउँ खा.पा. | ४५९८६४ | ४५९८६४ | १५.२१% | ३९९०१९ | ३८९९१८ | ९१०० |
| ३०९/०७६/३/२५ | वडा कार्यलय भवन | ११४१९५० | ११२४९५८ | १४.१९ | ९८२९०७ | ९६५३२६ | १७५८० |
| ३१३/०७६/३/२५ | वगडी खा.पा. | ३४५१९७ | ३४३७०१ | १५.०६ | २९८५०३ | २९१९३९ | ६५६३ |
| ३२०/०७६/३/२५ | बझाङ दिप क्याम्पस खे.मै. | २५२६२९३ | २५२४४१९ | १४.८३ | २१९८१२५ | २१५००४७ | ४८०७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२३/०७६/३/२५ | ल.ज.वि नहर | ३४३०६२ | ३४३०६२ | १४.८९ | २९८६५७ | २९१९८० | ६६७७ |
| ३४९/०७६/३/२५ | टुडिखेल खा.पा. | ४०२३३४ | ४०१८५२ | १४.९५ | ३४९५१७ | ३४१७७५ | ७७४२ |
| ३२६/०७६/३/२५ | वडा नं.६ भवन फि.नि. | १२९३७०६ | १२९३७०६ | १४.८९ | ११११६२०० | ११०१०७३ | १५१२७ |
| ३३९/०७६/३/२५ | कनाडा सि.कुलो. | २३०२३८ | २३०२३८ | १५.७४ | १९८७४९ | १९३९९८ | ४७५० |
| ३४०/०७६/३/२५ | चिल्लेखोला वयलपाक खा.पा. | ५७०४६५ | ५६८५४३ | १४.०९ | ४९८०७७ | ४८८४३५ | ९६४१ |
| ३५१/०७६/३/२९ | चौडाल्य सडक | ५५०२४८ | ५४९२१२ | १०.०५ | ४९८९६३ | ४९४०१६ | ४९४४ |
| ३५४/०७६/३/२९ | डुडिल कनडा सडक | ९३९९३३ | ९३९९३३ | १०.९९ | ८४६५२७ | ८२७२३५ | १९२९१ |
| ३७६/०७६/३/२९ | स्वा.केन्द्र व्यवस्थापन | ४२१६५७ | ३९१५१७ | १४.४६ | ३९८७७१ | ३३४९०३ | ६३८६७ |
| १९/०७६/३/३० | नवादेउ मा.वि.शौचालय | ८०२८६७ | ८०१५९१ | १५ | ७००००० | ६८१३५६ | १८६४४ |
| | जम्मा : | | | | २३०५०१६७ | २२५६६७४० | ४८३४२७ |

| | | |
|---|---|---|
| २५. | **पाईप वितरण :** २६८।०७६।३।१९ सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । कार्यलयले वडा नं. ७ कोलागि पाईप खरिद गरेको रविभिन्न ८ जना व्यक्तीको भर्पाई राखि २७ क्वायल पाईपको रु ४,९७,६६३, खर्च दावि गरेको देखियो यसरी पाईप कुन योजनको लागि खरिद भएको र जडान भई सोको प्राविधिक मुल्यांकन वेगर पाईप वितरणको भर्पाईको आधारमा खर्चको यर्थातता पुष्टी नभएकोले सो सम्वन्धमा प्राविधिक मुल्यांकन सहितको आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु | ४,९७,६६३/- |
| २६. | **शिक्षा तर्फ : काम नभएको :** २५।०७६।३।३० सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ ।कैलाश मा.वि.लोतुको विध्यालय भवन निर्माण को लागि रु ५०,६०,१५१। को लागत अनुमान तयार एवं स्वीकृत भएको र सोको उपभोक्ता संग साविक वमोजिम शिक्षा कार्यालय वाट रु २५,४७,२४८। र यस गा.पा. वाट रु २५,१२,९०३। दिने गरी संझौता भए वमोजिम शत प्रतिशत रकम भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणको क्रममा श्रेष्ता परीक्षणमा सो भवनको कार्य सम्पन्न भएको विल तथा प्रतिवेदन संलग्न रहेको देखियो तर तथा फोटो अवलोकनमा पिलर मात्र उठाई ढलान गर्न लागेको देखिएकोले सो कार्यको यर्थातता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा खर्च पुष्ट्याई हुने आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा काम नभई भुक्तानी भएको कार्यको यकिन गरी असुल हुनु पर्ने रु | १८,००,०००/- |
| २७. | **शिक्षक अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ज) मा स्थानीय तहको आधारभूत तथा माध्यामिक शिक्षा सम्वन्धी व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो भौगोलिक सीमानाभित्रको आधारभूत तथा माध्यामिक शिक्षाको नीति, योजना, कार्यक्रम, शैक्षिक कार्यक्रमको समन्वय, विद्यालय अनुदान तथा सोको वजेट व्यवस्थापन, आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्दै विद्यालय तथा त्यसमा कार्यरत शिक्षकहरुको दरबन्दी, नियुक्ति, अवकाश, सरुवा, बढुवा, मृत्यु जस्ता व्यक्तिगत | |

विवरण सहितको अभिलेख खडा गरी राख्नु पर्नेमा त्यसो गरेको देखिएन । यसले समग्र शैक्षिक व्यवस्थापन कमजोर हुने, विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता, ग्रेड तथा सुविधाको भुक्तानी यथार्थपरक नहुने, विद्यालयको सम्पत्तिको उचित संरक्षण नहुने भई आर्थिक अनुशासन उल्लंघन हुन सक्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

२८.

**मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालयले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु.

२,१०,१०५/-

| **भौ.नं.र मिति** | **आपूर्ति कर्ताको नाम** | **स्थायी लेखा नं.** | **बिलको मिति** | **कुल भुक्तानी रकम** | **मु.अ.कर रकम** | **दाखिला हुनु पर्ने रकम** |
|---|---|---|---|---|---|---|
| २१०/२०७६/३/२० | उरै सुर्मा स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ६०१७०९६६५ | २०७६/३/२ | २८४३०८ | ३६९६० | १८४८० |
| २२८/२०७६/३/३१ | फर्ष्ट लिङ्क प्रा.ली | ६०२४२८९२९ | २०७६/२/२८ | २८६७९३.९२ | ३७२८३ | १८६४२ |
| २९/२०७६/३/२३ | निलम हार्डवयर एण्ड सप्लायर्स | ६००२६०७६१ | २०७६/३/११ | १८१५०० | २३५८५ | ११७९७ |
| ३२०/०७६/३/२५ | निलम हार्डवेयर | ६००२६०७६१ | ०७६/३/१ | ६५२१९८ | ७५०३१ | ३७५१६ |
| ३२४/०७६/३/२५ | निलम हार्डवेयर | ६००२६०७६१ | ०७६/३/४ | ८६८०० | ९९८५ | ४९९३ |
| ३२५/०७६/३/२५ | निलम हार्डवेयर | ६००२६०७६१ | ०७६/३/१९ | १४७५०८ | १९९६९ | ९९८५ |
| १८/०७६/३/३० | निलम हार्डवेयर | ६००२६०७६१ | ०७६/३/१ | १५७१०४ | १८०७४ | ९०३७ |
| २५/०७६/३/३० | निलम हार्डवेयर | | ०७६/३/२४ | १७१३५४ | १९७०१ | ९८५७ |
| ३२८/०७६/३/२५ | कालिका हार्डवेयर | ६०५७८३४२८ | ०७६/३/३ | १०१५८१ | ११६८६ | ५८४३ |
| ३४६/०७६/३/२५ | सिद्दी रिद्दी एग्रो | ६०४००७६४१ | ०७६/३/१८ | ३६५३७४ | ४२०३४ | २१०१७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४७/०७६/३/२५ | सिद्दी रिद्दी एग्रो | | ०७६/३/१८ | ७५३८० | ८२३०० | ४११५० |
| ३७६/०७६/३/२५ | विजय हार्डवेयर | ६०९३२२८१३ | ०७६/३/२७ | १४४०६९ | १६५७४ | ८२८७ |
| ३८७/०७६/३/३१ | एशियन मेटल पा. | ३०४१८१०८५ | ०७६/३/२५ | २३४७१९ | २७००३ | १३५०१ |
| जम्मा | | | | | | २१०१०५ |

२९. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालीकाले यो वर्ष तलव वापत देहाय बमोजिम कर वाहेक रु. ५१,५२,०८५/१४ भूक्तानी गरेको छ ।

| **विवरण** | **प्रमुख/अध्यक्ष** | **उपप्रमुख** | **वडा अध्यक्ष ९ जना** | **कार्यपालिका सदस्य ५ जना** | **सभाका सदस्य ३० जना** |
|---|---|---|---|---|---|
| मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० |
| सञ्चार सुबिधा (मासिक | ११०० | १००० | ५०० | | |
| जम्मा | ३७३२०० | ३१२००० | २२१४००० | ४८०००० | १८००००० |
| वार्षिक जम्मा : | | | | | ५१,७९,०००/- |

३०. **हलिया मुक्ती :**यस कार्यकम अन्तरगत गाउँपालीकाले यो वर्ष घर मर्मत वापत २ जना र घर निर्माण वापत १ जना समेत ३ जना हलिया मुक्तीको लागि यस आर्थिक वर्षमारु ४,५०,०००।- वितरण गरेको भरपाई पेश भएको छ । सो निर्माण कार्यको पुष्ट्याईको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम प्राविधिक मुल्याङ्कन अनुगमन तथा प्रभाव मूल्याङ्कन पेश हुनु पर्नेमा सो वमोजिम भए गरेको पाइएन । तसर्थ सो सम्वन्धमा यस पालिकाको ध्यानकर्षण हुनु पर्दछ ।

३१. **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयलेवाट आन्तरिक लेखा परीक्षण गरी मिति २०७६/५/३० मा प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट देखिएका व्यहोरा फछ्र्यौट गरिनु पर्दछ ।

३१.१ **विल भर्पाई वेगरको खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।वडा नं. ६ का वडा अध्यक्ष कर सिंगे धामीले विध्यालय सम्वन्धी कार्यकमको लागि रु १,८८,०००।०० भुक्तानी लिएकोमा कार्यकमा भएको खर्चको विल भपाईको जोड जम्मा रु १,४५,७०५।००मात्र रहेको पाईएकोले वास्तविक खर्च भन्दा रु ४२,२९५।००ले वढी खर्च दावि गरेको रकम निज वाट असुलगरी दाखिला गर्नु पर्ने रु — ४२,२९५/-

३१.२ **अग्रिमकर,बहाल कर तथा पारिश्रमिक कर दाखिला नगरेको :** आयकर ऐन २०५८को दफा ८८ र ८९ मा तोकिएको दरमा कर असुल गरी दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनको उक्त व्यवस्था वमोजिम यस गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा नियमानुसार लाग्ने कर — ४०,०५५/-

दाखिला गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नु पर्ने रु

| गो.भौ.र मिति | भुक्तानी विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | करको दर | असुल हुनु पर्ने कर |
|---|---|---|---|---|---|
| | खेल मैदान निर्माण जे.सि.भी.को भाडा | बफाङ दिप क्याम्पस फोता | २८२४५० | १० | २८२४५ |
| | निर्माण भुक्तानी खरिद सामाग्रिको | काकरतोला मैतोली डाफ्रु नि.उ.स. | १४९४१७७ | १.५ | २४४६ |
| ५/ | निर्माण भुक्तानी | ज्याडा सि. उ.स. | ३६४८७६.० | १.५ | ५४७३ |
| | निर्माण भुक्तानी | बुंगलपतिहाल्ना सडक उ.स. | २५९४०० | १.५ | ३८९१ |
| | | जम्मा : | | | ४०,०५५/- |

३१.३

**विज्ञापनमा छुट नलिएको :** सरकारी कार्यालयहरुले विज्ञापन तथा सुचना छपाई गरे वापत गोरखापत्र संस्थानले संस्थागत छुट वापत २५ प्रतिशत छुट दिने गरेको छ । अन्य विज्ञापन एजेन्सी ले समेत १५ प्रतिशत छुट दिने गरेकोमा यस गाउँपालिकाले कैलाशन्यूज सेन्टर एण्ड एडभरटाईजमेन्ट चैनपुर वाट सुचना प्रकाशन वापत मु.अ.कर समेत रु १,२२,०००।-भुक्तानी गरेकोमा सो वमोजिम छुट लिएको छैन । जस्वाट भ्याट बाहेकको विल रु १,०७,९६५।- को भुक्तानीमा न्यूनतम १५ प्रतिशतले हुने रु १६,१९५/-ले थप व्यहभार परेको देखिएकोले असुल हुनु पर्ने रु — १६,१९५/-

३१.४ **नियमित नभएको :**१६८।०७६।२।१९गाउँपालिकाले गाउँसभावाट वजेट स्वीकृत गराई विनियोजित वजेट तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले व्यवस्था गरेको छ। वित्तीय समानिकरण तर्फ टि.भी. टुडे नेटवर्क प्रा.लि. लाई रु ४,९७,४४०।-भुक्तानी दिएकोमा सो भुक्तानी सम्वन्धमा गाउँसभावाट ऐनको उक्त व्यवस्था वमोजिम स्वीकृत भएको वजेट तथा कार्यक्रममा समावेश भएको नदेखिएको र कार्यपालिकाको निर्णयले भुक्तानी दिएको अनियमित देखिएको रु — ४,९७४४०/-

३२. **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । यो वर्ष न्यायिक समितिमा १७ उजुरी परेकोमा १६ बटाको मेलमिलाप भई फछ्र्यौट भएको र सम्वन्धि विच्छेदको १ मुद्धा जिल्ला अदालतमा लेखि पठाएको विवरण पेश भएको छ ।

३३. **पेश्की वाँकी :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. — ४,००,०००/-

| **शि.नं.** | **पेश्की लिएको मिति** | **पेश्की लिनेको नाम** | **रकम** |
|---|---|---|---|
| १ | २०७६/२/३१ | ज्याडा फोलुङ्गे पुल निर्माण उ.स | ४००००० |
| **जम्मा** | | | ४,००,०००/- |

३४. **सम्परीक्षण :**आर्थिक कार्याविधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणवाट औल्याएको वेरुजु सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखपरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औल्याइएको वेरुजु सम्वन्धमा सो वेरुजूको सूचना प्राप्त गरेको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए वमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले हाल सम्मको वेरुजू वाँकीको लगत अद्यावधिक गरेको छैन । लेखापरीक्षणको अवधिमा कार्यालयले

| | | |
|---|---|---|
| | निम्नानुसार वेरुजू फछ्र्यौट गरी संपरिक्षणको लागि अनुरोध भै आए बमोजिमरु. ८२,५००/- सम्परीक्षण गरीएको छ । | |
| ३५. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :रु हजारमा | |

| गत वर्षको वेरुजू रकम (रु) .A | यो वर्ष फछ्र्यौट (B | बाँकी (C=A-B) |
|---|---|---|
| ११४५५ | ८२ | ११३७३ |

लेखापरीक्षणको समयमा औल्याइए पश्चात सामाजिक सुरक्षा वापतको रु १,२५,०००,पेश्की बाँकी रु १२,०००, निर्देशिका भन्दा वढी तलव भुक्तानी भएको रु १,२१,५८९.३७, वढी तलव रु २,९०५,वहाल कर र अन्य कर स्थानीय संचित कोषमा दाखिला भएको रकम रु १,१७,३६० र शिक्षाको वढी निकासा रु १,४४,८८८ गरी कुल रु.५,२३,७४२.३७दाखिला भएको प्रमाण पेश भएको छ ।

अनुसूची- १

## केदारस्यूँ गाउपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| केदारस्युँ गाउँपालिका | बझाङ | २१३२४ | १२७८५७ | २२६०२४ | १२४६९६ | **४७८५७७** | १५०१७९ | २७६९५४ | २१५ | **४२७३४८** | **७२५५३** |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोध भनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | केदारस्युँ | २२ | ३० | १०५०३ | ० | ७ | १५३२ | २२ | २३ | ८९७१ | २००७ | ४९८ | ६०६६ | | | **६५६४** | ० | ४०० | ४०० |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | केदारस्यूँ गाउँपालिका | **बझाङ** | **११४५५** | ८२ | ११३७३ | ० | ८९७१ | २०३४४ |